ब्याँस गाउँकार्यपालिका बैठक संख्या: ४ बैठक मिति: २०८१।०८।०९

आज मिति २०८१/०८/०९ गतेका दिन यस ब्याँस गाउँपालिका सुन्सेरा दार्चुलाका अध्यक्ष श्री मंगल सिह धामी ज्यूको अध्यक्षतामा ब्याँस गाउँपालिका गाउँ कार्यपालिकाको बैठक तपशिल बमोजिमको उपस्थितिमा बसि देहाय बमोजिमका प्रस्तावहरु माथी छलफल गरि निम्न निर्णयहरु गरिए।

| नाम थर | पद |
| --- | --- |
| ............ मंगल सिह धामी | अध्यक्ष |
| ............ विनोद्र सिह कुँवर | सदस्य |
| ............ अशोक सिह बोहरा | सदस्य |
| ............ धिरन सिह बुढाथोकी | सदस्य |
| ............ उपेन्द्र सिह धामी | सदस्य |
| ............ झुन सिह विष्ट | सदस्य |
| ............ बिर सिह धामी | सदस्य |
| ............ राजेन्द्र सिह कुँवर | सदस्य |
| ............ अस्पाल सिह बुढाथोकी | सदस्य |
| ............ आस्मती विसि | सदस्य |
| ............ कलम राम भूल | सदस्य |
| ............ कलावती डडाल | सदस्य |
| ............ धाना देबी बम | सदस्य |
| ............ पुर्णिमा ऐतवाल | सदस्य |
| ............ चन्द्र सिह कुँवर | सदस्य सचिव |

अन्य उपस्थिति

| | |
| --- | --- |
| ............ विरा दत्त भट्ट | स.क.अ |

प्रस्तावहरु:

१. प्रधानमन्त्री रोजगार कार्यक्रमका योजना छनोट सम्बन्धमा।
२. प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि वडागत लाभग्राही निर्धारण सम्बन्धमा।
३. रकमान्तर सम्बन्धमा।
४. रुट परमिटका लागि अनुमति सम्बन्धमा।
५. "घ" वर्ग निर्माण व्यवसायी इजाजत पत्र प्रदान सम्बन्धमा।
६. करार कर्मचारी पुन: सम्झौता सम्बन्धमा।
७. मुर्ती खरिद भुक्तानी सम्बन्धमा।
८. कार्यविधि स्वीकृत सम्बन्धमा।
९. विविध।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १७(२) बमोजिम गणपुरक संख्या नपुगेकोले निर्णय प्रमाणित नभएको।

## निर्णयहरु

निर्णय नं १. प्रस्ताव नं १ माथी छलफल गर्दा आर्थिक वर्ष २०८१।०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि योजनाहरु छनोट गरि गाउँ कार्यपालिकाको कार्यालयमा पठाउन वडा कार्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं २. प्रस्ताव नं २ माथी छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत चालु आर्थिक वर्षमा तपसिल बमोजिमका कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिम श्रमिक छनोट गरि पठाउन वडा कार्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो।

| क्र.सं | प्लम्बर तालिम | डकर्मी तालिम | श्रमिक (१०० दिन) | गा.पा श्रमिक (३० दिन) | कै |
|---|---|---|---|---|---|
| वडा नं २ | ५ जना | ३ जना | ६ जना | १५ जना | |
| वडा नं ३ | ५ जना | ३ जना | २ जना | १४ जना | |
| वडा नं ४ | ५ जना | ३ जना | १० जना | १५ जना | |
| वडा नं ५ | ५ जना | ३ जना | ४ जना | १५ जना | |
| वडा नं ६ | ५ जना | ३ जना | ८ जना | १५ जना | |

निर्णय नं ३. प्रस्ताव नं ३ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको चालु आर्थिक वर्षको देहायको शिर्षक रकमान्तर गरी कार्यहरु सञ्चालन गर्ने र संशोधनका लागि आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

| क्र.सं | शिर्षक | रकम | परिवर्तित शिर्षक | रकम | कै |
|---|---|---|---|---|---|
| १ | बालि उपचार शिविर | २ लाख | लागत साझेदारीमा प्लास्टिक घर निर्माण | २ लाख | |
| २ | रासयनिक विषादी सम्बन्धी जनचेतना मुलक अभिमुखिकरण | ८० हजार | अदुवा-बेसार खेती प्रवर्द्धन कार्यक्रम | ८० हजार | |

निर्णय नं ४. प्रस्ताव नं ४ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको केन्द्र सुन्सेरा सम्म सवारी बोक्ने जीपहरु नियमित रुपमा सञ्चालनका लागि अनुमति (रुट परमिट) प्रदान गरिदिन जिल्ला प्रशासन कार्यालय दार्चुलालाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं ५. प्रस्ताव नं ५ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा "घ" वर्ग निर्माण व्यवसायी इजाजत पत्र प्राप्तीका लागि जय बहम निर्माण सेवा फर्मका सञ्चालक नरेन्द्र बहादुर बमले निवेदन पेश गरेको हुदाँ 'ब्याँस गाउँपालिका दार्चुलाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७५' अनुसार इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं ६. प्रस्ताव नं ६ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८१।०४।०४ गते बसेको गाउँ कार्यपालिकाको बैठकबाट करार सम्झौता अन्त्य गरिएका तपसिल बमोजिमका कर्मचारीहरुको २०८१ पुष १ देखि लागू हुने गरि काम गरि आएको पदमा सशर्त अनुदान अन्तरगत निकासा भएको रकम दोमासाहिले मासिक रुपमा सेवा सुविधा पाउने गरि पुन: करार सम्झौता गर्ने निर्णय गरियो।

तपसिल

| क्र.स. | नाम थर | पद | साविक कार्यरत कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | नरेन्द्र सिह विष्ट | ना.प.से.प्रा | १ नं वडा कार्यालय | |
| २ | इश्वर सिह महर | ना.प्रा.स | ३ नं वडा कार्यालय | |
| ३ | कृष्ण राज भट्ट | ना.प.से.प्रा | ४ नं वडा कार्यालय | |
| ४ | पुस्कर राज बडू | ना.प.से.प्रा | ५ नं वडा कार्यालय | |
| ५ | शारदा बडू | सामाजिक परिचालक | ६ नं वडा कार्यालय | |
| ६ | जानकी ठगुन्ना | बैद्य | आयुर्वेद स्वास्थ्य इकाइ हुती | |
| ७ | विरेन्द्र ओड | उविस | गाउँ कार्यपालिकाको कार्यालय | |

निर्णय नं ७. प्रस्ताव नं ७ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको कार्यालयले बुद्ध र महादेवको मुर्ती खरिद गरेकाले बिल बमोजिमको रकम भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं ८. प्रस्ताव नं ८(क) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाले निर्माण गरेको गुनासो व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१ लाई स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं ९. प्रस्ताव नं ८(ख) माथी छलफल गर्दा साना कृषि मेसिनरी उपकरण अनुदान कार्यक्रम कार्यविधि २०८१ लाई स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं १०. प्रस्ताव नं ८(ग) माथी छलफल गर्दा अति विपन्न तथा विदेशबाट फर्किएका विपन्न परिवारका सदस्य व्यवसाय उन्मुख युवा कृषकलाई प्रोत्साहन अनुदान कार्यक्रम (तरकारी खेती/मौरी/च्याउ/फलफुल खेती/प्लास्टिक घर निर्माण) कार्यविधि २०८१ लाई स्वीकृती गर्ने निर्णय गरियो।

निर्णय नं ११. प्रस्ताव नं ८(घ) माथी छलफल गर्दा ब्याँस गाउँपालिकाको आवास बिहिन विपन्न नागरिकका लागि निजी आवास निर्माण अनुदान कार्यविधि, २०८१ लाई स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं १२ . प्रस्ताव नं ९(क) माथी छलफल गर्दा यस ब्यांस गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८१।०८।१३ गतेको बैठकले यस गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत लेखापाल गोपाल सिह विष्टलाई आर्थिक जिम्मेवारीबाट हटाउने निर्णय गरेकोमा उक्त निर्णयलाई परिमार्जन गर्दै आर्थिक कारोबार सञ्चालनको जिम्मेवारी यथावत राख्ने निर्णय गरियो ।

निर्णय नं १३ . प्रस्ताव नं ९(ख) माथी छलफल गर्दा यस ब्यांस गाउँपालिका अन्तरगत विभिन्न वडाहरुमा वर्षादको समयमा कर्मचारीलाई जिम्मेवारी दिई बाटोघाटो मर्मत तथा काठेपुल निर्माण गरिएको हुँदा प्राविधिक नापजाँच अनुसार विपद् व्यस्थापन कोष शिर्षकबाट नियमानुसार रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं १४ . प्रस्ताव नं ९(ग) माथी छलफल गर्दा यस ब्यांस गाउँपालिका वडा नं ५ धौलाकोटका विकट गाउँ बिस्तीहरुमा विद्युत लाइन विस्तारका लागि आवश्यक १७० पोलहरु उपलब्ध गराउनका लागि नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र दार्चुलालाई पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं १५ . प्रस्ताव नं ९(घ) माथी छलफल गर्दा यस ब्यांस गाउँपालिका वडा नं ५ को वडा कार्यालयमा विद्युत मिटर जडान गरिएको तथा सामुदायिक स्वास्थ्य इकाइ तिग्रममा विद्युत मिटर र वाइरिङ्ग गरिएको हुँदा विल अनुसार तथा प्राविधिक नापजाँच अनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं १६ . प्रस्ताव नं ९(ङ) माथी छलफल गर्दा यस ब्यांस गाउँपालिका अन्तरगत तपसिल बमोजिमका संस्थाहरुले खेलकुदका लागि रकम माग गरेकाले तपसिल बमोजिमको रकम युवा तथा खेलकुद शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं | संस्थाको नाम | रकम | |
|---|---|---|---|
| १ | दुम्लिङ्ग युवा क्लब | ५०,०००/- | |
| २ | जय गोरखनाथ सचेतना समाज ब्यांस ४ | ५०,०००/- | |

निर्णय नं १७ . प्रस्ताव नं ९(च) माथी छलफल गर्दा यस ब्यांस गाउँपालिका अन्तरगत सामुदायिक विद्यालयमा कार्यरत तपसिल बमोजिमका शिक्षकहरुलाई तपसिल बमोजिम सरुवा गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं | नाम थर | पद | कार्यरत विद्यालय | सरुवा गर्ने विद्यालय | कै |
|---|---|---|---|---|---|
| १ | गणेश दत्त भट्ट | प्रा.वि तृतिय | होस्कर आवि डोकट | सम्पाल मावि सुन्सेरा | |
| २ | राम सिह विष्ट | प्रा.वि द्धितिय | ब्रह्मदह आवि डोब | ब्रह्मस्थान मावि डोकट | |

निर्णय नं १८ . प्रस्ताव नं ९(छ) माथी छलफल गर्दा यस ब्यांस गाउँपालिका अध्यक्ष मंगल सिह धामी औषधि उपचारका लागि संघीय राजधानी काठमाडौं जानुपर्ने भएकाले उहाँलाई औषधि उपचारका लागि काठमाडौं पठाउने निर्णय गरियो ।